स्वीकृती र प्रमाणीकरण मितिः- २०८०।०६।२१

# गुर्भाकोट नगरपालिका

# गुर्भाकोट नगरपालिकाको “घ" वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी कार्यविधि, २०८०

**गुर्भाकोट नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**शुभाघाट, सुर्खेत**

**कर्णाली प्रदेश, नेपाल**

# गुर्भाकोट नगरपालिकाको "घ" वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी कार्यविधि, २०८०

## प्रस्तावनाः-

स्थानीय स्तरको विकास निर्माणमा निजी क्षेत्रको ज्ञान र बिशेषज्ञतालाई उपयोग गर्न तथा सार्वजनिक खरिदको मूलभूत बिशेषताहरुलाई अक्षुण्ण राखी सार्वजनिक निर्माणको क्षेत्रमा पारदर्शिता, स्वच्छता, ईमान्दारिता, जवाफदेहीता, विश्वसनियता, भेदभावरहित प्रतिस्पर्धा एवम् श्रोत साधनको उच्चतम उपयोग जस्ता उद्देश्यहरु हासिल गरी सार्वजनिक निर्माणमा निजीक्षेत्रको सहज पहुँचको लागि स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा २ को छ (१०) ले दिएको अधिकार प्रयोग गरी गुर्भाकोट नगर कार्यपालिकाले यो कार्यविधि जारी गरेको छ ।

## परिच्छेदः १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "गुर्भाकोट नगरपालिकाको "घ" वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी कार्यविधि, २०८०" रहेको छ ।

(२)यो स्वीकृत भएपछि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा, यस कार्यविधिमाः

क. "सार्वजनिक निर्माण कार्य" भन्नाले प्रचलित कानुन बमोजिम गुर्भाकोट नगरपालिकाको तर्फबाट सम्पन्न गरिने जुनसुकै प्रकारका निर्माण सम्बन्धि कार्यलाई जनाउँछ । सो शब्दले पुनः निर्माण तथा मर्मत सम्भारको कार्य समेतलाई जनाउँदछ ।

ख. "निर्माण व्यवसायी" भन्नाले निर्माण व्यवसाय सञ्चालन गर्ने उद्देश्यले प्रचलित कानुन बमोजिम दर्ता भएको फर्म वा कम्पनी सम्झनु पर्छ ।

ग. "इजाजतपत्र " भन्नाले सार्वजनिक निर्माण कार्य गर्नको लागी दफा ४ बमोजिम दिईने इजाजतपत्र सम्झनु पर्छ ।

## परिच्छेदः २
## इजाजत सम्बन्धि व्यवस्थाः

३. **इजाजत पत्र प्राप्त नगरी सार्वजनिक निर्माण कार्य गर्न नहुनेः-** प्रचलित कानूनमा अन्यथा व्यवस्था भएको वाहेक यस कार्यविधि बमोजिम इजाजत पत्र प्राप्त नगरी "घ" वर्गको निर्माण व्यवसायीको नामबाट कसैले पनि सार्वजनिक निर्माण कार्य गर्न, गराउन हुँदैन ।

तर प्रचलित कानून बमोजिम उपभोक्ता समिति मार्फत वा जनसहभागितामा सञ्चालन गराईने सार्वजनिक निर्माण कार्य गर्न यस दफाले कुनै बाधा पुऱ्याएको मानिने छैन ।

**४. नयाँ इजाजत पत्र सम्बन्धी व्यवस्था:-** (१) सार्वजनिक निर्माण कार्य गर्न चाहने निर्माण व्यवसायीले अनुसूची—१ बमोजिमको ढाँचामा सार्वजनिक निर्माण कार्य गर्न इजाजत पत्रको लागि सम्बन्धित वडाको सिफारिस सहित प्रमुख प्रशासकीय अधिकृत समक्ष दरखास्त दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम पर्न आएका दरखास्तहरु उपर प्रमुख प्रशासकीय अधिकृतले अनुसूची -५ वमोजिमको योग्यता भए, नभएको सम्वन्धमा दफा ९ बमोजिमको समितिवाट जाँचवुझ गराउनु पर्नेछ ।

(३) उपदफा (२) अनुसारको समितिले गरेको सिफारिस सहित प्रमुख प्रशासकीय अधिकृतले इजाजत पत्र प्रदान गर्ने निर्णयका लागि कार्यपालिकाको वैठकमा पेश गर्नुपर्ने छ ।

(४) कार्यपालिकाको निर्णय बमोजिम नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतले अनुसूची २ बमोजिमको इजाजतपत्र दर्ता दस्तुर लिई निवेदकलाई अनुसूची ३ बमोजिमको ढाँचामा इजाजत पत्र प्रदान गर्नेछ ।

**५. इजाजत पत्रको अवधि, नवीकरण र नामसारी:-** (१) दफा ४ बमोजिम प्रदान गरिएको इजाजत पत्र दफा ६ बमोजिम खारेज भएको वा प्रचलित कानूनमा अन्यथा व्यवस्था भएको अबस्थामा बाहेक चालु आर्थिक वर्षको अन्त्यसम्म मात्र मान्य रहनेछ ।

(२) उपदफा (१) बमोजिम इजाजत पत्रको अवधि समाप्त भएका प्रत्येक निर्माण व्यवसायीले इजाजत पत्रको अवधि समाप्त भएको ३ महिनाभित्र प्रचलित कानून बमोजिम संघ, प्रदेश र स्थानीय तहलाई तिर्नुपर्ने कर भुक्तान गरी प्राप्त करचुक्ता प्रमाणपत्र तथा फर्म वा कम्पनीको दर्ता प्रमाणपत्र नवीकरण सहित यस नगरपालिकाको राजस्व शाखामा अनुसूची २ वमोजिमको दस्तुर तिरी इजाजत पत्रको नवीकरण गराउनु पर्नेछ ।

(३) इजाजत पत्र नवीकरण गर्न नगरपालिकामा कागजात पेश गर्दा अनुसूची ४ वमोजिमको पासबुक भरी अघिल्लो आर्थिक वर्षमा सो फर्म वा कम्पनीले आफुले गरेको कार्यहरुको अद्यावधिक विवरण समेत पेश गर्नु पर्नेछ । यसरी अनुसूची ४ वमोजिमको पासवुक विवरण अद्यावधिक नगर्ने फर्म वा कम्पनीको इजाजत पत्र नवीकरण गर्न नगरपालिका वाध्य हुनेछैन ।

(४) उपदफा (२) बमोजिमको म्याद नाघेको ६ महिनाभित्र सबै प्रकृया पुरा गरी इजाजत पत्र नवीकरण गराउन चाहने निर्माण व्यवसायीले नवीकरण गर्न माग गरेमा अनुसूची २ बमोजिमको नवीकरण दस्तुरका अतिरिक्त थप दस्तुर समेत लिई प्रमुख प्रशासकीय अधिकृतले इजाजत पत्र नवीकरण गरिदिन सक्नेछ ।

(५) कुनै निर्माण व्यवसायीको स्वामित्वमा रहेको इजाजत पत्र अर्को कुनै व्यक्ति वा व्यवसायीलाई स्वामित्व हस्तान्तरण वा नामसारी गर्न चाहेमा अनुसूची २ बमोजिमको दस्तुर लिई स्वामित्व हस्तान्तरण वा नामसारी गर्न सकिनेछ ।

**६. इजाजत पत्रको खारेजी:-** (१) देहायको अवस्था विद्यमान देखिन आएमा नगर कार्यपालिकाको निर्णय बमोजिम निर्माण व्यवसायीको इजाजत पत्र खारेज गर्न सक्नेछ ।

क. झुठ्ठा विवरण पेश गरी इजाजत पत्र प्राप्त गरेको प्रमाणित भएमा,

ख. सार्वजनिक निर्माण कार्य गर्ने वा गर्न पाउने उद्देश्यले नेपाल सरकार तथा संगठित संस्थामा झुठ्ठा विवरण पेश गरेको बारेमा सम्बन्धित निकायबाट लेखि आएमा,

ग. सार्वजनिक निकायसँग भएको सम्झौता वमोजिम कार्य सम्पन्न नगरेको वा सम्झौताको गम्भीर उल्लंघन भएको सम्बन्धित निकायवाट लेखि आएमा,

घ. श्रम ठगी भएको कानुनी रुपमा प्रमाणित भएमा,

(२) उपदफा (१) बमोजिम इजाजत पत्र खारेज गर्नु अघि सम्बन्धित निर्माण व्यवसायीलाई स्पष्टीकरण पेश गर्न मनासिब माफिकको मौका दिइने छ ।

(३) दफा ५ को उपदफा ४ बमोजिमको म्यादभित्र नवीकरण नभएको इजाजत पत्र स्वतः खारेज हुनेछ ।

(४) उपदफा (१) वा (३) बमोजिम इजाजत पत्र खारेज भएकोमा नगरपालिकाले त्यसको जानकारी सम्बन्धित फर्म वा व्यक्ति वा कम्पनी दर्ता गर्ने कार्यालयलाई दिन सक्नेछ ।

७. **इजाजत पत्रको प्रतिलिपी दिने व्यवस्था:-** कुनै निर्माण व्यवसायीले इजाजत पत्र हराए वा नासिएको कारणबाट वा अन्य निकायबाट हस्तान्तरण भई आएमा वा इजाजत पत्रको प्रतिलिपी पाउन निवेदन गरेमा अनुसूची २ बमोजिमको दस्तुर लिई इजाजत पत्रको प्रतिलिपी दिनु पर्नेछ ।

८. **निर्माण व्यवसायीको दायित्वः-** (१) ठेक्का सम्झौतामा उल्लिखित शर्तहरुको अधिनमा रही सार्वजनिक निर्माण कार्य गर्नु गराउनु निर्माण व्यवसायीको दायित्व हुनेछ ।

## परिच्छेदः ३
## विविधः

९. **जाँचबुझ समितिः-** नयाँ इजाजतपत्र जारी गर्ने प्रयोजनको लागि राय सहितको प्रतिवेदन प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्न देहाय बमोजिमको जाँचबुझ समिति रहनेछ ।

क. प्राविधिक शाखा प्रमुखः- संयोजक

ख. उद्योग शाखा प्रमुखः- सदस्य

ग. सव ईन्जिनियरः- प्राविधिक शाखा प्रमुखले तोकेको सदस्य १ जना

घ. योजना शाखा प्रमुखः- सदस्य

ङ. निर्माण व्यवसायी जिल्ला संघले तोकेको प्रतिनिधि सदस्य १ जना

**१०. प्रचलित कानून बमोजिम हुनेः-** यस कार्यविधिमा लेखिए जति यसै कार्यविधि बमोजिम र अरुमा प्रचलित कानून बमोजिम हुनेछ ।

**११. बाधा अड्काउ फुकाउः-** (१) यस नगरपालिकाबाट इजाजत पत्र प्राप्त भएका तर नवीकरण गर्ने समयावधि गुज्रिएका फर्म वा कम्पनीले नवीकरण गरीपाऊँ भनि २०८० चैत्र मसान्तभित्र निवेदन दिएमा लाग्ने दस्तुर, थप दस्तुर र रु. १०,०००।- थप जरिवाना लिई अन्तिम एक पटकको लागी नवीकरण गर्न सकिनेछ ।
(२) यस कार्यविधि कार्यान्वयनमा थप कुनै बाधा अड्काउ पर्न आएमा कार्यपालिकाले आवश्यक निर्णय गरी बाधा अड्काउ फुकाउन सक्नेछ ।

**१२. खारेजी र बचाउः** (१) “घ” वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी कार्यविधि, २०७४ खारेज गरिएको छ।
(२) यस अघि प्रचलित कानून बमोजिम दर्ता भएका ठेक्का वन्दोवस्ती सम्बन्धी फर्म तथा कम्पनीहरुलाई दिइएको इजाजत पत्रहरु यसै कार्यविधि बमोजिम दिइएको मानिनेछ ।

अनुसूची — १

कार्यविधि को दफा २ को उपदफा (१) संग सम्वन्धित

विषयः इजाजतपत्र पाऊँ भन्ने बारे ।

श्री गुर्भाकोट नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय
शुभाघाट, सुर्खेत

यस.................................... कार्यालयको कार्यविधि........................... बमोजिम सार्वजनिक निर्माण कार्य गर्नको लागि इजाजतपत्र पाउन निम्न विवरण भरी यो दस्खास्त पेश गरिएको छ ।

१. दरखास्त पेश गर्ने फर्म वा कम्पनीको,
 नामः
 ठेगानाः
 पोष्ट बक्सः
 टेलिफोन नं.: इमेलः

२. फर्म वा कम्पनीको प्रकृति
 ☐ प्राईभेट लिमिटेड कम्पनी ☐ पब्लिक लिमिडेड कम्पनी
 ☐ एकलौटी ☐ साझेदारी
 (कोष्ठमा रेजा लगाउनु पर्नेछ)

३. सम्पर्कको लागि फर्म वा कम्पनीको आधिकारीक व्यक्तिकोः
 नामः
 ठेगानाः
 पोष्ट बक्सः
 टेलिफोन नं.: इमेलः

४. फर्म वा कम्पनीको विवरणः
 दर्ता नं. दर्ता मितिः
 अधिकृत पूँजी जारी पूँजीः
 दर्ता गर्ने कार्यालयको नाम र ठेगानाः

५. इजाजत लिन चाहने वर्गः (घ) वर्ग

६. सामुहीकरण हुन चाहेको समूहः

७. आर्थिक श्रोतको विवरणः

| | रकम | वित्तिय संस्थाको नाम, बैंकको ना |
|---|---|---|
| स्थानी ओभरड्राफ्ट | | |
| चल्ती खाता | | |

| | | |
|---|---|---|
| बचत खाता | | |
| | | |

उल्लेखित विवरण बाहेक अन्य विवरण भए छुट्टै पेश गर्न सकिने छ ।

८. कामदारको विवरण

क. प्राविधिकः

ख. अप्राविधिक

ग. अन्य

प्राविधिक कर्मचारीको certificate को प्रतिलिपी तथा निजको मंजुरीनामा पेश गर्नु पर्ने छ ।

९. आफ्नो स्वामित्वमा रहेको निर्माण सम्बन्धी सवारी साधन मेशिनरी औजारको विवरणः

| सि.नं. | नाम तथा विवरण | दर्ता नं. | क्षमता संख्या | मूल्य | खरिद मिति | अन्य व्यहोरा |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

द्रष्टव्यः यस विवरणमा उल्लेखित सवारी साधन तथा मेशिनरी औजारहरुको स्वामित्व कागजात (दर्ता प्रमाणपत्र) र उक्त मेशिनरी औजारहरुको चालु हालतमा रहेको छ भनि मेकानिकल ईन्जिनियरद्धारा प्रमाणित भएको हुनु पर्ने छ ।

१०. यस अघि सम्पन्न गरेको कामको विवरणः

| सि.नं. | निर्माण सम्बन्धी कामको प्रकृति | काम गरेको साल | रकम | ठेक्का दाता कार्यालयको नाम | कामको अवस्था (प्रगति प्रतिशतमा) |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

११. करचुक्ता गरेको प्रमाण कागजातः

क.

ख.

ग.

यस दरखास्त फारममा उल्लेखित सम्पूर्ण व्यहोरा ठिक साचो हो । झुठ्ठा ठहरे कानून बमोजिम सहुला बुझाउला ।

निर्माण व्यवसायीको छाप

दरखास्तवालाकोः

दस्तखतः

द्रष्टव्यः यस दरखास्त फारम साथ फारममा उल्लेख भएको व्यहोरा पुष्टि गर्न सम्बन्धित कागजातको प्रमाणित प्रतिलिपी संलग्न गर्नु पर्नेछ र कार्यालयले माग गरेको बखत सक्कल कागजात पेश गर्नु पर्नेछ ।

अनूसूची- २

दफा ४, ५ र ७ संग सम्बन्धित

| क्र.स. | वर्ग | ईजाजतपत्र दर्ता दस्तुर | इजाजत पत्र नवीकरण वा स्वामित्व हस्तान्तरण वा नामसारी दस्तुर | थप दस्तुर | इजाजतपत्र प्रतिलिपी दस्तुर |
|---|---|---|---|---|---|
| १ | घ | रु. २५,००० | रु. १०,००० | रु. १५,००० | रु. ५,०००।०० |

अनूसूची- ३

दफा २ को उपदफा (१) र दफा ३ को उपदफा (३) संग सम्बन्धीत

**इजाजत पत्र**

इजाजत पत्र नं........................ मितिः-......

गुर्भाकोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
शुभाघाट, सुर्खेत

गुर्भाकोट नगरपालिकाको “घ” वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी कार्यविधि २०८० को दफा २ को उपदफा (४) बमोजिम निर्माण व्यवसाय गर्न................................ स्थित कार्यालय भएको............................ फर्म वा कम्पनीलाई इजाजत पत्र प्रदान गरिएको छ ।

ईजाजत पत्र दिनेको
दस्तखतः
नामः
पदः
मितिः

कार्यालयः
(यस वृत भित्र कुन वर्ग लेख्नुपर्ने हो सोही वर्ग लेख्ने

नवीकरण

| नवीकरण गर्ने अधिकारी | नवीकरण गरेको मिति | नवीकरण बहाल रहने अवधि | नवीकरण दस्तुर भौचर नं, र मिति | नवीकरण गर्ने अधिकारीको दस्तखत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

अनुसूची- ४

निर्माण व्यवसायीबाट भएका सार्वजनिक निर्माण कार्यको अभिलेख विवरण (पासबुक)

| क्र स | आयोजन को नाम | सार्वजनिक निकायको विवरण | शेयर % | संयुक्त उपक्रमको नाम यदि भएमा | ठेक्का विवरण | सार्वजनिक निकायको तर्फबाट हस्ताक्षर गर्ने पदाधिकारीको विवरण | समयावधि थप विवरण (यदी भएमा) | Variation को विवरण यदि भएमा | प्रगति विवरण | ठेक्का सम्पन्न विवरण | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | क) ठेक्का रकम | क) नाम | क) थप समय | क. Variation पछिको contract Amount | क) सम्पन्न रकम | क)आन्तरीक ठेक्का रकमः | |
| | | | | | ………………… | ………………… | | | ………………… | ………………… | |
| | | | | | ख) सम्झौता मिति | ख)पद | ख)नाम | क) Variation को निर्णय गर्ने पदाधिकारीको नाम | ख) सम्पन्न मिति | ख) सम्पन्न मिति | |
| | | | | | ………………… | ………………… | ………………… | ………………… | ………………… | ………………… | |
| | | | | | ग) ठेक्का अवधि | ग) हस्ताक्षर | ख) पद | ख) पद | ग) सम्पन्न % | | |
| | | | | | ………………… | ………………… | ………………… | ………………… | ………………… | | |
| | | | | | | घ) छाप | ग) हस्ताक्षर | ग) हस्ताक्षर | घ) नाम | घ) नाम | |
| | | | | | | ………………… | ………………… | ………………… | ………………… | ………………… | |
| | | | | | | | घ) निर्णय मितिः | घ) छाप | ख) पद | ख) पद | |
| | | | | | | | | | ………………… | ………………… | |
| | | | | | | | छाप | ………………… | हस्ताक्षर | हस्ताक्षर | |
| | | | | | | | ………………… | | ………………… | ………………… | |
| | | | | | | | | | छाप | छाप | |
| | | | | | | | | | ………………… | ………………… | |
| | | | | | | | | | | | |

अनुसूची— ५

**"घ" वर्गको निर्माण व्यवसायीको लागि आवश्यक योग्यता**

१. आर्थिक क्षमताः

प्राईभेट वा पब्लिक लिमिटेड कम्पनी वा साझेदारी फर्मको रुपमा घटीमा पाँच लाख रुपैयाँको चालु पूँजी देखाई कानून बमोजिम दर्ता भएको हुनु पर्नेछ ।

२. मुख्य जनशक्ति विवरणः

मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ विषयमा कम्तिमा प्रमाणपत्र तह उत्तीर्ण एक जना प्राविधिक, कुनै पनि विषयमा प्रमाणपत्र तह उत्तीर्ण एक जना प्रशासनिक र वाणिज्य शास्त्र, अर्थशास्त्रमा प्रमाणपत्र तह उत्तीर्ण एक जना साथै जनशक्तिको सेवा पुरा समय प्राप्त हुने व्यवस्था हुनु पर्नेछ ।

३. मेशीन र उपकरणः

(क) टि्पर वा ट्र्याक्टर (एक थान)

(ख) मिक्स्चर (एक थान) ।

(ग) Theodolite/Level Machine (एक सेट) ।

(घ) वाटर पम्प (तीन थान)

(ङ) भाइब्रेटर (एक थान)

द्रष्टव्यः

१. उपकरणको नामावली पेश गर्दा उपकरणको स्वामित्वको प्रमाणपत्रका साथै बीमा गरेको कागजातहरु पेश गर्नु पर्नेछ । टि्पर वा ट्र्याक्टरको हकमा भाडामा लिएको भए कम्तिमा २ बर्षको सम्झौता पत्र पेश गरे पनि ग्राह्य हुनेछ ।

२. माथि उल्लिखित यान्त्रिक उपकरणहरु ठीक अवस्थामा भएको कुरा मेकानिकल ईन्जिनियरिङ विषयमा कम्तीमा स्नातक तहको शैक्षिक योग्यता भएको नेपाल ईन्जिनियर्स एशोसिएशनको सदस्यता प्राप्त मेकानिकल ईन्जिनियरले प्रमाणित गरेको हुनु पर्नेछ ।

३. माथि उल्लिखित यन्त्र उपकरणहरु दर्ता भएको मितिले घटीमा दुई वर्षसम्म बेचबिखन गर्न पाइने छैन ।

४. पन्ध्र वर्ष भन्दा बढी पुरानो यन्त्र उपकरणहरु निर्माण व्यवसायीको स्तर बृद्धि तथा नयाँ दर्ता हुने प्रयोजनको लागि मान्य हुने छैन ।

स्वीकृती र प्रमाणिकरण मितिः- २०८०।०६।२१

प्रमाणित गर्ने
हस्त पुन
नगर प्रमुख